जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ९६ २०७८ साल कात्तिक २३ गते मंगलबार (9 Nov. 2021 Tuesday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने

राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विपरीत गुणका सूर्य र पानीको... ३ पृष्ठमा : मिथिलाभर छठ ... ३ पृष्ठमा : रुसमा २४ घन्टामा ३९ हजार ...

# खेतमा फ्यालिएको ज्युँदै नवजात शिशुले पायो अभिभावक





१. बुधबार खेतमा फेला परेका नवजात शिशु । २. सोमबार एक नि:सन्तान दम्पत्तिले लालनपालन गर्ने जिम्मेवारी पाएपछि शिशुको अवस्था । ***तस्बिर : राजविराज दैनिक***

**दैनिक समाचारदाता**
**राजविराज, २२ कात्तिक ।**

राजविराज नगरपालिका वडा नं. ९ मलेठको नहर चौक नजिकै धान खेतमा ज्युँदै फ्यालिएको एक नवजात शिशुले अभिभावक पाएको छ ।

गत बुधबार कुकुर तिहारका दिन साँझ ६ बजेतिर अन्दाजी एक/डेढ महिनाको सो नवजात शिशु खेतमा वेवारिसे अवस्थामा ज्युँदै फेला परेको थियो ।

स्थानिय केही यूवाहरु बजारको काम सकेर खेतबाटो हुँदै घर फर्किदै गर्दा नजिकैको धानखेतमा बच्चा रोएको सुनेपछि खोज्दै जाँदा परालको ओच्छ्यान बनाई राखिएको अवस्थामा उक्त नवजात शिशु (छोरा) फेला परेको हो ।

स्थानिय र प्रहरीले वेवारिसे र जिवितै अवस्थामा रहेको बच्चाको उद्धार गरि उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल पुऱ्याएको थियो ।

सो बच्चालाई हाल राजविराज २ निवासी एक नि:सन्तान दम्पत्तिले धर्मपुत्र बनाएर राख्ने र उचित शिक्षादिक्षा सहित पाल्ने इच्छा र प्रतिबद्धता गरेपछि सबैको सल्लाहमा हाललाई बच्चा उनकै जिम्मा लगाइएको छ । लक्ष्मी पूजाका समयममा बच्चा भेटिएकाले उनको नाम लक्ष्मण राखिएको बच्चाको लालनपालनको जिम्मा लिएका दम्पत्तिले बताएका छन् ।

प्रमुख जिल्ला अधिकारी जनार्दन गौतम, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, राजविराज नगरपालिका वडा नं. ९का अध्यक्ष शम्भु प्रसाद यादव (लाली), अस्पतालका एकद्वार संकट व्यवस्थापन केन्द्रकी फोकल पर्सन मनिषा सिम्खडा र वडा नं. २ का अध्यक्ष अरुण यादवको सहभागितामा भएको छलफल पश्चात् सो निष्कर्षमा पुगेको हो ।

बच्चालाई किन र कसले फोलेको भन्ने बारे अनुसन्धान तिब्र बनाइएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताएका छन् । यता जनप्रतिनिधी र प्रहरी अहिले ज्युँदै नवजात शिशुलाई धान खेतमा फाल्ने अभिभावकको खोजिमा सक्रिय भएका छन् ।

# भ्रष्टाचार भएको भन्दै कंचनरुप नगरपालिका बिरुद्ध पाँच दल आन्दोलित



**दैनिक समाचारदाता**
**राजविराज, २२ कात्तिक ।**

सप्तरीको कंचनरुप नगरपालिकामा व्यापक भ्रष्टाचार भएको भन्दै पाँच राजनीतिक दलले आन्दोलन गर्ने जनाएका छन् । सोही विषयलाई लिएर सोमबार पाँच दलका प्रतिनिधिहरुले प्रमुख जिल्ला अधिकारीलाई ज्ञापन पत्र

*बाँकी दुई पृष्ठमा*

# सूचना । सूचना ॥ सूचना ॥।

यस सप्तरी उद्योग बाणिज्य संघ, सप्तरी शाखाको एघारौं शाखा अधिवेशन तथा साधारण सभाबाट गठन हुने नयाँ कार्य समितिको लागि मिति २०७८।८।४ गते सम्पन्न हुने निर्वाचन तपसिलका कार्यक्रम अनुसार हुने सम्बन्धित सबैमा यसै सुचना द्वारा जानकारी गराइएको ब्यहोरा अनुरोध गरिन्छ ।

**तपसिल**

| क.सं. | मिति | कार्यक्रम | समय |
|---|---|---|---|
| १. | २०७८।७।२२ | मतदाता नामावली प्रकाशन | दिनको ११ बजे |
| २. | २०७८।७।२३ | मतदाता नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ३. | २०७८।७।२३ | अन्तिम मतदाता नामावली प्रकाशन | बेलुकी ५ बजे |
| ४. | २०७८।७।२६ | उम्मेदवारी दर्ता | दिनको १० बजेदेखि ४ बजेसम्म |
| ५. | २०७८।७।२६ | उम्मेदवारको नामावली प्रकाशन | दिनको ५ बजे |
| ६. | २०७८।७।२८ | उम्मेदवारको नामावली उपर दावी विरोध | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ७. | २०७८।७।२८ | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| ८. | २०७८।७।२९ र ३० | उम्मेदवारको नाम फिर्ता | दिनको ११ बजेदेखि ३ बजेसम्म |
| ९. | २०७८।७।३० | उम्मेदवारको अन्तिम नामावली प्रकाशन | दिनको ४ बजे |
| १०. | २०७८।८।४ | मतदान (स्थल-के.अ.मा.बि.) | दिनको १० बजेदेखि ४ बजेसम्म |

११. **निर्वाचन हुने पदहरुको बिवरण निम्न बमोजिम रहेको छ ।**
(क) अध्यक्ष-१ (एक) जना
(ख) उधोग उपाध्यक्ष-१ (एक) जना
(ग) बाणिज्य उपाध्यक्ष-१ जना (एक) जना
(घ) महासचिव-१ (एक) जना
(ङ) सचिव-१ (एक) जना
(च) कोषाध्यक्ष-१ (एक) जना
(छ) सह-कोषाध्यक्ष-१ (एक) जना
(ज) सदस्य-६ (छ) जना
(झ) महिला सदस्य-१ (एक) जना

१२. प्रमाणित मतदाता नामावली लिन चाहने ईच्छुकले सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा रु.४००-(चार सय) जम्मा गरी लिनु पर्ने गरी ब्यवस्था मिलाइएको छ ।

१३. निर्वाचनमा सहभागी हुने मतदाता वा उम्मेदवारले नेपाल सरकारबाट जारी गरिएको आफ्नो परिचय स्पष्ट खुल्ने वा देखिने प्रमाणहरु (फर्म दर्ता प्रमाण-पत्र, भ्याट वा प्यानको प्रमाणपत्र वा नागरिकता प्रमाण-पत्र) अनिवार्य रुपमा प्रस्तुत गर्नुपर्ने छ ।

१४. मतदान बाहेक निर्वाचनको सम्पूर्ण कार्यक्रम सप्तरी उधोग वाणिज्य संघको कार्यालयमा नै हुने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराउँदछौं ।

**राम कुमार यादव**
**संयोजक**
**निर्वाचन समिति**
**उधोग वाणिज्य संघ, सप्तरी**



अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## सम्पादकीय ....

# पूर्व तयारीमा जुटौं

मौसम परिवर्तनसँगै अबको केही दिनमा चिसो मौसमको आवागमन हुँदैछ । विगतका वर्षहरुमा चिसो मौसमका कारण अत्याधिक कष्टर जिवन बिताउनु परेको कसैसामु लुकेको छैन् । अत्याधिक चिसो र शीतलहरका कारण सप्तरीमा विगतका वर्षहरुमा दर्जनौंले ज्यान गुमाइसकेका छन् । खासगरी गरीब तथा विपन्न यस मौसममा बढी मारमा पर्ने गरेका छन् । वृद्धवृद्धा तथा बालबालिकालाई यस मौसमले बढी कष्ट पुऱ्याइरहेको हुन्छ ।

गरीब तथा विपन्न वर्गका लागि चिसोयाम आउनु अगावै सरकारी स्तरबाट उनीहरुको जीवनस्तरमा सकारात्मक सुधार ल्याउनका लागि नसोचिदा उनीहरुको जीवन थप कष्टकर बन्ने गरेको छ । मौसममा आएको परिवर्तनसँगै उनीहरुमा रुघाखोकी, निमोनिया र झाडापखाला जस्ता रोग समेत देखिन्छ । यता यस वर्ष चिसोबाट जोगिन स्थानीय तहबाट समेतखासै उपाय अवलम्बन गरिएको देखिदैन् । सप्तरीका विपन्नहरुको जीवनस्तरलाई सामान्य बनाउन विभिन्न सरकारी तथा गैरसरकारीबाट अहिलेदेखी नै पहल थाल्न जरुरी छ ।

जिल्ला संकट व्यवस्थापन समिति, रेडक्रस, स्थानीय तह समेतको समन्वयकारी भूमिकाबाट गरीब तथा विपन्नहरुको अवस्था सुधार्न सकिन्छ । चिसोयाम आउनु अगावै नै यसका दुष्परिणामहरुबाट जोगाउनका लागि सरकारी तथा गैरसरकारी स्तरबाट उपाय अबलम्बन गर्न सकिए अवस्थामा सुधार आउन सक्छ । तसर्थ समय अगावै यस्ता विपदबाट जोगिन उपाय अवलम्बन गर्नु अति आवश्यक छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विपरीत गुणका सूर्य र पानीको आराधना गरिने पर्व छठ

काठमाडौँ, २२ कात्तिक (रासस) ।

विपरीत गुणका सूर्य र पानीको पूजा आराधना गरी मनाइने चार दिने छठ पर्व सुरु भएको छ । मानव जीवनका लागि अत्यावश्यक नदी र सूर्यदेवको श्रद्धा भक्तिपूर्वक आराधना र पूजा गरी मनाइने छठ सोमबार बिहान स्नान गरेसँगै सुरु भएको हो ।

कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म चार दिन मनाइने सूर्यदेवको आराधना, उपासना र पूजाको पर्व सोमबार स्नान गरी चोखो खाएर बसिन्छ । कार्तिक शुक्ल चतुर्थीका दिन सोमबार बिहान व्रतालुले स्नान गरेसँगै यो पर्वको विधि सुरु हुन्छ । चतुर्थीको कर्मलाई अरबाइन वा अरबा भनिन्छ । यस दिनदेखि छठ पर्व नसकिएसम्म व्रतालुले माछा, मासु, लसुन, कोदो, फापर, मुसुरो, आदि नखाने विधि छ । केही व्रतालुले भने कोजाग्रत पूर्णिमाको भोलिपल्ट अर्थात् कार्तिक कृष्ण प्रतिपदादेखि नै तामसी खाद्य परिकार नखाई शुद्ध खानपीन गर्छन् ।

मनोकाङ्क्षा पूरा हुने विश्वासमा विशेषगरी महिलाले छठमा कठोर व्रत गर्छन् । तराईमा उत्साहका साथ मनाइने मिथिला संस्कृतिमा आधारित छठ पर्व विसं २०४६ पछि काठमाडौँलगायत पहाडमा मनाउन थालिएको हो । सूर्य उपासनाको पर्व भएकाले पहाडी समुदाय पनि यसप्रति आकर्षित भएका छन् । विसं २०६३ पछि भने काठमाडौँको थापाथली, गुह्येश्वरी, गौरीघाट र रानीपोखरीमा पनि विशेष महत्व एवं साज सज्जाका साथ यो पर्व मनाउन थालिएको हो ।

यसअघिदेखि नै वाग्मती र विष्णुमती नदी किनारमा छठ मनाउने संस्कृति सुरु भएको थियो । कार्तिक शुक्ल चतुर्थीका दिन छठ स्थलमा सरसफाइ एवं स्नान गरेका व्रतालु पञ्चमीका दिनमा निर्जल उपवास बस्छन् । यस दिन बेलुकी घरमा खीर बनाई चन्द्रमालाई अर्पण गरी एक छाक खाने गरिन्छ । यसलाई खरना भन्ने गरिएको काठमाडौँमा छठ मनाउँदै आउनुभएका गुह्येश्वरी गौरीघाट छठ पूजा समितिका सदस्य अनिल सिंह बताउनुहुन्छ ।

षष्ठीका दिन व्रतालुले ठेकुवा, फलफूल, मिठाइ, रोटी सूर्य एवं छठी मातालाई चढाउने गर्छन् । रोटीमा सूर्यको रथका पाङ्ग्रा अङ्कित गरिन्छ । षष्ठीका दिन पक्वान्न, फलफूल र नरिवललाई बाँसको टोकरीमा सजाएर माथिबाट कपडाले छोपिन्छ । साँझपख बत्ती बालेर माटाको घडाको साथ गीत गाउँदै नदी वा तलाउका किनारमा गइन्छ । डुब्न लागेका सूर्यलाई अर्घ्य दिइ प्रणाम गरिन्छ । अर्घ्य दिएपछि तीनपटक पानीमा डुबुल्की मारी मनोरञ्जन गर्दै त्यहीँ रात बिताइन्छ ।

सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई दर्शन गर्न बिहान ४ बजेदेखि नै प्रतीक्षा गरिन्छ । उदाउँदो सूर्यलाई गाईको दूध, फूल र जलले अर्घ्य दिइन्छ । यसरी घाटमा गरिने पूजालाई भिन्सरघाट भनिन्छ ।

बिहानै घाटमा गरिने पूजा भएकाले भिन्सरघाट भनिएको हो । सूर्योदयकालमा अर्घ्य दिइ सूर्यको दर्शन गरेपछि छठ पूजा सकिन्छ । सूर्यको दर्शन गर्दा भक्त लुगासहित कम्मरसम्म पानीमा डुबेर सूर्य दर्शन गर्ने विधि रहेको छ ।

पृथ्वीमा भएका जीवको सञ्चालन र संरक्षण जल एवं सूर्यबाट भएकाले नदीलाई माता, सूर्यलाई सम्पूर्ण शक्तिको स्रोतका रुपमा मानी विशेष पूजा गर्ने गरिएको हो । कार्तिक शुक्ल पक्षमा सूर्यको पूजा गर्नाले मनोकाङ्क्षा पूरा भई इच्छाएको फल प्राप्त हुने उल्लेख शास्त्रमा गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वअध्यक्ष प्रा डा रामचन्द्र गौतम बताउनुहुन्छ ।

सूर्यको उपासना गर्ने र शुद्धताको प्रतीक भएकाले तराईबाट सुरु भई हाल पहाड र हिमाली क्षेत्रसम्म पनि छठ मनाउन थालिएको छ । सूर्य पूजा र दर्शन गरी विवाहिता महिला पुरुषले पति पत्नीको दीर्घायु एवं अविवाहित केटा केटीले सुयोग्य वर बधु प्राप्तिको कामना गर्छन् । सन्तान प्राप्तिको कामनाले यो पर्व मनाउनेको सङ्ख्या पनि धेरै छ ।

यो पर्वमा मुस्लिम, बौद्ध र जैन धर्मावलम्बीकोसमेतको सहभागिता रहने गरेको विसं २०६८ देखि कमलपोखरीमा छठ पूजाको नेतृत्व गर्दै आउनुभएका कमलपोखरी छठ समाजका अध्यक्ष राजेन्द्र सिंहले बताउनुभयो । गुह्येश्वरीमा विसं २०७६ को छठसम्म मुस्लिमका पाँच परिवारले छठ पूजा गर्थे । कोरोना महामारीका कारण गत वर्ष छठ रोकिएपछि ती परिवार वीरगञ्ज गएर छठ मनाउन थालेको समिति सदस्य सिंहले सुनाउनुभयो ।

सर्वप्रथम छठीमाताले सूर्यदेवलाई खुसी पारी यो पर्व मनाउन थालिएको धार्मिक विश्वास छ । महाभारतकालमा द्रौपदीसहित पाण्डवहरू अज्ञातवासमा रहँदा गुप्तबास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए । पाण्डवहरू विराट राजाका दरबारमा बसेका बेला गरेको सूर्य पूजाका प्रभावले अज्ञातवास सफल भएको विश्वासमा यो पर्व मनाउन सुरु गरिएको पौराणिक ग्रन्थमा उल्लेख छ ।

अत्रिमुनिकी पत्नी अनुसूयाले सर्वप्रथम छठ व्रत गरेको सूर्य पुराणमा उल्लेख छ । छठ व्रतका प्रभावले अटल सौभाग्य र पतिप्रेम प्राप्त भएपछि अरुले पनि मनाउने परम्पराको सुरुआत भएको अनुयायीको भनाइ छ ।

यस वर्ष कार्तिक शुक्ल षष्ठी अर्थात् कात्तिक २४ गते बुधबार बेलुकी अस्ताउँदो र सप्तमी अर्थात् कात्तिक गते बिहीबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिइन्छ । यसैगरी कमलपोखरीमा यस वर्ष काठमाडौँ महानगरपालिकाकै संयोजनमा छठ पर्व मनाइने भएको छ । रानीपोखरीमा भने छठ पूजा नहुने जनाइएको छ ।

# एमालेको महाधिवेशनमा चैतसम्म सदस्यता लिएका मात्र प्रतिनिधि हुने

काठमाडौँ, २२ कात्तिक (रासस) ।

नेकपा (एमाले)को आगामी दशौँ राष्ट्रिय महाधिवेशन प्रतिनिधि २०७७ चैतसम्म पार्टी सदस्यता लिएका सङ्गठित सदस्यमात्र सहभागी हुने भएका छन् ।

पार्टी अध्यक्ष केपी शर्मा ओलीले जारी गर्नुभएको अन्तरपार्टी निर्देशन-१४ मा २०७७ चैत मसान्तसम्म पार्टी सदस्य भएका सङ्गठित सदस्यले मात्र महाधिवेशन प्रतिनिधि हुन पाउने व्यवस्था गरिएको छ । ती प्रतिनिधिले महाधिवेशनमा मतदान गर्न पाउनेछन् ।

एमालेका केन्द्रीय कार्यालय सचिव शेरबहादुर तामाङका अनुसार चैतसम्ममा सात लाख ३८ हजार पार्टी सङ्गठित सदस्य रहेका थिए । अहिले नौ लाख सङ्गठित सदस्य पुगेको उहाँको भनाइ रहेको छ ।

महाधिवेशनमा एक हजार ९९९ जना प्रतिनिधि सहभागी हुनेछन् । एमालेले महाधिवेशनमा प्रतिनिधिसभा निर्वाचन क्षेत्रअन्तर्गत एक हजार २०० पार्टी सदस्यबाट कम्तीमा एक महिलासहित तीन जनाका दरले प्रतिनिधि, त्यसपछि ८०० सम्मले थप एक/एक जना प्रतिनिधि निर्वाचित गर्नेछ । जनवर्गीय सङ्गठनबाट पाँच जनाका दरले महाधिवेशन प्रतिनिधि हुनेछन् ।

एमालेले यही कात्तिक २७ गते देशभर एकैसाथ प्रतिनिधि चयन गर्दै छ । प्रतिनिधि चयन गरिसकेपछि कात्तिक ३० गतेसम्म केन्द्रीय सङ्गठन विभागमा पठाउन निर्देशन दिइएको छ । एमाले महाधिवेशन मङ्सिर १० देखि १२ गतेसम्म चितवनमा हुने भएको छ । महाधिवेशनका लागि रामबहादुर थापाको संयोजकत्वमा मूल व्यवस्थापन समिति गठन गरिएको छ ।

# पत्नीको स्मृतिमा नेता चौधरीद्वारा पत्रकारिता पुरस्कार स्थापना

लहान, २२ कात्तिक (रासस) ।

नेपाली कांग्रेस सिरहाका नेता तथा समाजसेवी महेश चौधरीले पत्नीको स्मृतिमा पत्रकारिता पुरस्कार स्थापना गर्नुभएको छ । 'सङ्गीता कर्माचार्य स्मृति पत्रकारिता पुरस्कार'का लागि रु ५१ हजार राशिको पुरस्कार कोष स्थापना गरेको उहाँले जानकारी दिनुभयो ।

आउँदो मङ्सिर २२ गते आयोजना हुने कार्यक्रममा जिल्लाका एक पत्रकारलाई सो पुरस्कार प्रदान गरिने नेता चौधरीले बताउनुभयो । नेपाल पत्रकार महासङ्घ सिरहा शाखाका प्रतिनिधि र सङ्गीता कर्माचार्य स्मृति प्रतिष्ठानका प्रतिनिधिसहितको बैठकले सो पुरस्कारका लागि एक सञ्चारकर्मीको नाम छनोट गर्ने जनाइएको छ ।

कोरोना सङ्क्रमण फैलिन नदिन सरकारले गरेको लकडाउनका बेला गाउँ-गाउँका गरिब विपन्न परिवारलाई राहत वितरण गर्न सक्रिय कर्माचार्यले गत वैशाख २८ गते आमाको मुख हेर्ने दिन लहान नगरपालिका-१३ का २१ महिलालाई साडी वितरण गर्नुभएको थियो ।

त्यही दिन कोरोना सङ्क्रमण भएपछि उहाँलाई उपचारको लागि झापास्थित अस्पतालमा भर्ना गरिएको थियो । उपचारकै क्रममा कर्माचार्यको २०७८ जेठ २२ गते मृत्यु भएको थियो ।

## भ्रष्टाचार भएको ...

बुझाएको छ ।

नेपाली काँग्रेस सप्तरीका सहसचिव दिपक गुप्ता, नेकपा माओवादी केन्द्रका नगर संयोजक रामविहारी राउत, नेकपा एकिकृत समाजवादीका नगर अध्यक्ष विष्णु देव चौधरी, जसपा नेपालका नगर अध्यक्ष सुगम्बर यादव र जनमत पार्टीका नगर अध्यक्ष अनिल पंजियारद्वारा हस्ताक्षरित संयुक्त ज्ञापन पत्रमा नगरपालिकामा भएको आर्थिक अनियमितता र भ्रष्टाचार सम्बन्धी १६ बुंदे माग अघि सारेका छन् ।

ज्ञापन पत्रमा नगरपालिकाले विना हस्ताक्षरको एक सुचना जारी गरी विगत पाँच दिनदेखी कार्यालयको सेवा ठप्प गरेको, यस वर्ष विनियोजन भएको करिब ८० करोड बजेट कसरी र कहाँ खर्च भयो त्यो सार्वजनिक नगरेको र गत वर्ष खाना, खाजा र इन्धनमा मात्रै ९ करोड खर्च गरी ब्रह्मलुट मचाएको उल्लेख गरिएको छ ।

यस्तै पत्रकार महासंघसँग कुनै सम्पर्क र समन्वय नगरी आसेपासे पाँच जना पत्रकारलाई ४०/४५ हजार मुल्य पर्ने ल्यापटल वितरण गरी प्रति ल्यापटपको ८० हजारका दरले विल पास गरेको,कार्यकारी अधिकृत निजामती कर्मचारी हुने कानुनी ब्यवस्था विपरीत मनपरी ढंगले कार्यकारी अधिकृत नियुक्त गरी भ्रष्टाचारलाई संस्थागत गरेको ज्ञापन पत्रमा उल्लेख छ ।

यस्तै नगर प्रमुख वसन्त मिश्रले विभिन्न सल्लाहकार र कर्मचारी नियुक्तीको नाममा लाखौं रुपैया हिनामिना गरेको, विना प्रक्रिया लाखौंको सवारी साधन खरिद गरेको र विभिन्न सडक निर्माणको नाममा करौडो रुपैया निकासा गरी झवाम्प पारेको उल्लेख गर्दै ज्ञापन पत्र मार्फत उच्चस्तरीय छानवीनको माग गरेका छन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय र कंचनरुप नगरपालिकालाई समेत बोधार्थ गरिएको ज्ञापन पत्रमा नगरपालिकामा भ्रष्टाचारसँगै मनपरी तन्त्र चलेको भन्दै पाँच दलले छानवीन र दोषीमाथी कारवाही नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी समेत दिएका हुन् ।

# मिथिलाभर छठ उत्सव सुरु

जलेश्वर, २२ कात्तिक (रासस)।
सम्पूर्ण मिथिलाञ्चलासीको महान पर्व छठ उत्सव सोमबारदेखि महोत्तरीसहित सम्पूर्ण मिथिलाभरि धार्मिक विधिपूर्वक सुरु भएको छ।

चार दिनसम्म विभिन्न विधि गर्दै मनाइने छठ पर्व सोमबारदेखि तराईको महोत्तरी, धनुषा, सिरहा, सप्तरी, सुनसरी, मोरङ, सर्लाही, रौतहट, बारा, पर्सासहित उत्तर भारतको विहार राज्यको सीतामढी, मधुवनी, दरभङ्गा, मुज्जफरपुर लगायतका क्षेत्रमा धुमधामका साथ सुरु भएको छ।

छठ पर्व महोत्तरीको जलेश्वर, मटिहानी, सुगा, गौशाला, पिपरा, सम्सी, बर्दिबासलगायत अन्य शहरी एवं ग्रामीण क्षेत्रमा रहेको विभिन्न पोखरी, तलाउ तथा जिल्लाको प्रसिद्ध नदी बिग्ही, रातो मरहा, जङ्गहा, अङ्कुसी नदी तथा नहरको किनारमा धार्मिक विधिपूर्वक मनाईदै छ।

सत्य अहिंसाप्रति मानवको रुचि बढाउने र सबै जीवप्रति सहानुभूति राख्न अभिप्रेरित गर्नु यस पर्वको विशेषता रहेको छ। सूर्य उपासना परम्पराको मोहक पद्धति मानिएको संसारमा यही एक यस्तो पर्व हो जसमा अस्ताउँदो र उदाउँदो सूर्यको पूजा गर्ने चलन रहेको जलेश्वर नगरपालिका- ८ का पंडित कालिकान्त झाले बताउनुभयो।

पारिवारिक सुख, शान्ति, समृद्धि, शारीरिक कल्याण, रोगबाट मुक्ति तथा विभिन्न मनोकाङ्क्षा पूरा होस् भन्ने उद्देश्यले श्रद्धापूर्वक मनाइने छठ पर्वका अवसरमा पोखरी, नदी, तलाउ र जलाशयमा श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ।

चार दिनसम्म मनाइने यस पर्वको पहिलो दिन सोमबार व्रतीले नहा खा अर्थात् नुहाएर खाने गर्दछन् अर्थात् जीउ चोख्याउने काम गर्नेछन्। त्यस्तै पर्वको दोस्रो दिन (भोलि) मङ्गलबार खर्ना मनाइनेछ। खर्नाका दिन व्रतीले दिनभरि उपवास बसेर राति छठ देवतालाई आगमनको निम्तो दिँदै कुल देवताको पूजा गर्नेछन् र राति अरवा अरबाइन (बिना नुन हालेको) खानेकुरा खाने चलन छ।

त्यस्तै यस पर्वको मुख्य दिन षष्ठीका दिन अर्थात् (बुधबार) साँझ गहुँ र चामल ओखल, जातो वा ढिँकीमा कुटानपिसान गरी सोबाट निस्केको पिठोबाट बनाइएका विभिन्न गुलियो खाद्य सामग्री ठकुवा, भुसवा, खजुरिया, पेरुकिया जस्ता पकवान र विभिन्न फलफूल तथा मूला, गाँजर, बेसारको गाँहो, भोगटे, ज्यामिरी, नरिवल, सुन्तला, केरा नाङ्लो, कोनिया, सरवा, ढाकन, माटोको हात्ती र ठूलो ढाक्कीमा राखी परिवारका सम्पूर्ण सदस्य विभिन्न भक्ति एवं लोकगीत गाउँदै निर्धारित जलाशय नजिक बनाएको छठ घाटसम्म पुग्नेछन्।

षष्ठीका दिन व्रतीले सन्ध्याकालीन अर्घका लागि पानीमा पसेर सूर्य अस्ताउन्जेलसम्म अस्ताउँदो सूर्यलाई आराधना गर्दै दुवै हत्केलामा पिठार र सिन्दुर लगाएर अक्षता फूल हालेर अन्य अर्घ सामग्री पालोपालो गरी अस्ताचलगामी सूर्यलाई अर्घ अर्पण गर्नेछन्।

त्यस्तै त्यसको भोलिपल्ट अर्थात् बिहीबार एकाबिहानै पुनःछठघाटमा पुगी जलाशयमा पसेर अघिल्लो दिन गरेको क्रम दोहोऱ्याइ प्रातकालीन उदाउँदो सूर्यलाई अर्घ दिइ छठ पर्व सम्पन्न गर्नेछन्।

महाभारतका अनुसार द्रोपदीसहित पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तावास सफल होस् भनी सूर्यदेवलाई आराधना गरेका थिए। उक्त समयमा पाण्डव मिथिलाको किराँत राजाका क्षेत्रमा वास बसेको उल्लेख छ।

लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको जिल्लाको मटिहानी नगरपालिकामा अवस्थित नेपालकै जेठो श्री राजकीय संस्कृत माध्यमिक विद्यालय मटिहानी, महोत्तरीका प्रधानाध्यापक ईश्वरी पौडेलले बताउनुभयो।

सूर्य पुराणअनुसार सर्वप्रथम पत्नी अनुसुइयाले छठ व्रत गरेकी थिइन्। फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन र त्यही बेलादेखि छठ गर्ने परम्पराको सुरुआत भएको तथ्य उल्लेख छ।

धार्मिक आस्थाका साथसाथै सामाजिक सद्भावका रुपमासमेत विकसित छठ पर्व हिन्दू सँगसँगै अरुले पनि मनाउने गर्छन्। यस पर्वमा चढाइने पदार्थको सङ्ख्या ७० पुऱ्याउनुपर्छ तर चढाउने सामर्थ्य नभएकाले धानको चामल मात्र चढाए पनि देउता प्रशन्न हुने जनविश्वास रहेको छ।

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आवश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
**मोबाईल नं. ९८५२८२०९३५**

# विश्व समाचार

## रुसमा २४ घन्टामा ३९ हजार भन्दा बढीमा संक्रमण

मस्को, २२ कात्तिक (रासस/सिन्ह्वा)।
रुसमा गएको २४ घन्टामा ३९ हजार जना भन्दा बढी नागरिकमा कोरोना भाइरसको सङ्क्रमण देखिएको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीहरुले जानकारी दिएका छन्। साथै यो अवधिमा यहाँ एक हजार १७९ जनाको ज्यान गएको छ। यो समेतगरी यहाँ करिब ८८ लाख मानिसमा यो संक्रमण देखिएको छ। त्यसैगरी यहाँ अहिलेसम्म २ लाख ४६ हजार ८१४ जनाको ज्यान गएको पाइएको छ। यहाँ कोरोना भाइरसबाट हुने मृत्युदर करिब २.८१ रहेको पनि समाचारमा जनाइएको छ। यहाँका स्वास्थ्य अधिकारीहरुले रुसको मस्को सहरमा मात्र पछिल्लो २४ घन्टामा करिब पाँच हजार जनामा सङ्क्रमण देखिएको बताएका छन्।

## बीस महिनापछि अमेरिकी सीमा खुला हुँदै

वासिङटन, २२ कात्तिक (रासस/एएफपी)।
कोरोना भाइरसको पूर्ण मात्रा खोप लगाएका विदेशी यात्रुहरूलाई अमेरिकाले सोमबारबाट आफ्नो सीमा खुला गर्दैछ। बीस महिना लामो आवागमन प्रतिबन्ध अन्त्य गर्दै अमेरिकामा सोमबारबाट सो निर्णय लागू गर्न लागेको हो। पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले कोभिड १९ का कारण सन् २०२० को मार्च महिनामा उक्त प्रतिबन्ध लगाउनु भएको थियो।

ब्रिटेन र युरोपेली संघका देशहरुसहित ३० भन्दा बढी देश अमेरिकी नियमबाट प्रभावित हुँदा पारिवारिक पुर्नमिलन हुन पाएको थिएन। यस प्रतिबन्धको कारण पर्यटन क्षेत्रमा ठूलो धक्का पुगेको थियो।नयाँ नियमसँगै विमानसेवाहरुले आगन्तुकहरूको आउने जाने क्रम बढ्ने अपेक्षा गरेका छन्। आगन्तुकहरूको खोपको अवस्थालाई निकै सजगतापूर्वक हेरिने अधिकारीहरूले बताएका छन्। युनाइटेड एअरलाइन्सले अमेरिका आउने अन्तर्राष्ट्रिय यात्रु ५० प्रतिशतले बढ्ने अपेक्षा गरेको छ। डेल्टा एअरलाइन्सका प्रमुखले केही यात्रुहरु पालो पर्खेर बस्नुपर्ने अवस्था आउनसक्ने बताएका छन्। अब यात्रुहरूले उड्नुअगावै पूर्ण मात्रा खोप लगाएको प्रमाणपत्र, यात्राको तीन दिन भित्रको कोभिड नेगिटिभ देखिएको परीक्षण र आफ्ना सम्पर्क विवरणहरू बुझाउनुपर्नेछ। अन्तर्राष्ट्रिय रूपमा प्रयोगमा आएका सात मुख्य खोपहरूलाई त्यसक्रममा मान्यता दिइँदैछ। कोभिड फैलनबाट रोक्ने उद्देश्यले सन् २०२० को सुरुतिरै चिनियाँ यात्रुहरूलाई अमेरिका आउन रोकिएको थियो र त्यसपछि प्रतिबन्ध अन्य देशका लागि विस्तार गरिएको थियो।

## भारतमा एकैदिनमा थप ११ हजार नयाँ संक्रमित, २६६ को मृत्यु

नयाँ दिल्ली, २२ कात्तिक (रासस/एएनआई)।
भारतमा कोरोनाभाइरसबाट एकैदिनमा थप ११ हजार ४५१ जना नयाँ सङ्क्रमित थपिएका छन्।सोही अवधिमा अरु २६६ जनाको कारोनाभाइरसका कारणले मृत्यु भएको सरकारी अधिकारीहरुले सोमबार जानकारी दिएका छन्। केन्द्रीय स्वास्थ्य मन्त्रालयअनुसार पछिल्लो एक दिनमा १३ हजार २०४ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। एउटै अवधिमा नयाँ सङ्क्रमितहरुको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरुको सङ्ख्या धेरै भएकाले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या घट्दै गएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको कुल सङ्ख्या एक लाख ४२ हजार ८२६ रहेको छ। यो सङ्ख्या २६२ दिनपछिकै सवैभन्दा कम भएको पनि मन्त्रालयले जनाएको छ। भारतमा अहिले पनि कोरोनाभाइरसको महामारीको प्रभाव सवैभन्दा धेरै केरला राज्यमा देखिएको छ। केरलामा मात्रै पछिल्लो २४ घण्टामा पनि सात हजार १२४ जना नयाँ सङ्क्रमित थपिएका छन् भने २१ जनाको मृत्यु भएको छ।

## मङ्गोलियामा एक दिनमा सबभन्दा थोरै नयाँ संक्रमित

उलान बाटोर, २२ कात्तिक (रासस/सिन्ह्वा)।
मङ्गोलियामा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितहरुको सङ्ख्या सबभन्दा थोरै देखिएको छ। सरकारी अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा मङ्गोलियामा ४५० जना नयाँ सङ्क्रमित थपिएका हुन्। यो सङ्ख्या मे १८ पछिकै सबभन्दा थोरै भएको पनि स्वास्थ्य मन्त्रालयका अधिकारीले जनाएका छन। मङ्गोलियामा अहिलेसम्म कूल सङ्क्रमितहरुको सङ्ख्या तीन लाख ६८ हजार ६०० पुगेको तथ्याङ्क मन्त्रालयसँग छ।

त्यसैगरी अहिलेसम्म कोरोनाका कारण एक हजार ७४४ जनाको मृत्यु भएको अधिकारीले जानकारी दिएका छन्। कोरोनाभाइरस विरुद्धको खोप अभियान र जनचेतनामूलक अभियान तीव्र रुपमा चलाइएकाले महामारीको प्रभाव कम हुँदै गएको बताइएको छ। मङ्गोलियाका चार लाख ४५ हजार ९०० भन्दा बढीलाई अतिरिक्त खोप लगाइएको छ। स्वास्थ्य मन्त्रालयले अहिले पनि भिडभाड नगर्न, मास्कको प्रयोग गर्न, सेनिटाइजर लगाउन आह्वान गरिरहेको छ।

# बोदेबरसाइन नगर उद्योग बाणिज्य संघद्वारा शुभकामना आदान प्रदान




**दैनिक समाचारदाता राजविराज, २२ कात्तिक ।**

सप्तरीको बोदेबरसाइन नगरपालिकामा सोमबार नगर उद्योग बाणिज्य संघले शुभकामना आदान प्रदान कार्यक्रमको आयोजना गरेको छ ।

श्यामबाबा सप्लायर्सको आयोजनामा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा वक्ताहरुले सप्लायर्सका संचालक लालुप्रसाद अग्रवाललाई आउँदो उद्योग बाणिज्य संघको निर्वाचनमा सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । उनी अध्यक्ष पदका उम्मेदबार हुन् ।

बोदेबरसाइन नगर उद्योग बाणिज्य संघका अध्यक्ष देवनारायण साहको अध्यक्षता तथा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादवको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा जसपाका नेता अनिरुद्ध प्रसाद सिंह यादव, डाक्नेश्वरी नगरपालिकाका समाजसेवी हरिओम यादव, व्यवसायीहरु रमेश साह, बैजनाथ जोशी, अमृत संचेती अमित साह, चन्द्रशेखर साह, कानु साह लगायतको सहभागिता रहेको थियो ।

सोही कार्यक्रममा सहभागि सम्पूर्णलाई टोकन अफ लभ तथा दोसल्ला ओढाएर आयोजकले सम्मान समेत गरेको थियो ।

# करेन्ट लागेर महिलाको मृत्यु

**दैनिक समाचारदाता राजविराज, २२ कात्तिक ।**

सप्तरी खडक नगरपालिका वडा नं. ३ बनरझुलामा एक महिलाको आइतबार करेन्ट लागेर मृत्यु भएको छ ।

स्थानिय ३८ वर्षिया जैफुल खातुनको करेन्ट लागेर मृतयु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार खातुनले हरियो बास छतमा राख्न जाने क्रममा छत माथि भएको ११ हजार भोल्टेजको तारमा बास छुन गई करेन्ट लागेर बेहोस भएपछि उपचारको लागि लैजादै गर्दा बाटोमै मृत्यु भएको हो ।

# कोइलाडीमा स्वास्थ्य चौकी भवन तथा वर्थिङ्ग सेन्टर उद्घाटनसँगै संचालन



**दैनिक समाचारदाता राजविराज, २२ कात्तिक ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका वडा नं. ४ कोइलाडीको नवनिर्मित स्वास्थ्य चौकी भवन तथा वर्थिङ्ग सेन्टरको सोमबार एक कार्यक्रमबीच उद्घाटन गरिएको छ । यो सँगै सप्तरीमा बर्थिङ सेन्टरको संख्या ३३ पुगेको छ ।

उक्त नवनिर्मित भवनको राष्ट्रिय सभा सदस्य शेखरकुमार सिंहले उद्घाटन गर्दै स्वस्थ नागरिकले मात्र स्वस्थ समाजको निर्माण गर्ने भएकोले सुविधा सम्पन्न स्वास्थ्य संस्था आवश्यक रहेको बताएका छन् ।

सोही कार्यक्रममा गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले करिब ६० लाख रुपैयाँको लागतमा स्वास्थ्य चौकी तथा वर्थिङ सेन्टर निर्माण गरिएको जानकारी दिँदै सबै स्वास्थ्य संस्थालाई सुविधा सम्पन्न बनाउने तथा गर्भवति महिलालाई आफ्नै गाउँठाउँमा सुरक्षित साथ सुत्केरी गराउने गाउँपालिकाको नीति अनुरुप वर्थिङ्ग सेन्टर सञ्चालन गरिएको बताए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार झाले स्वास्थ्य सेवा गाउँपालिकाको प्रमुख प्राथमिकतामा रहेको जानकारी गराउँदै नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने गाउँपालिकाको नीति बमोजिम सबै वडाका स्वास्थ्य संस्थाहरुको संस्थागत विकासमा लागिपरेको बताए ।

गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहको अध्यक्षतामा सम्पन्नउद्घाटन कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनियालाल यादव, सेभ द चिल्ड्रेनका देवकृष्ण भगत, वडा अध्यक्षद्वय खगेन्द्र मण्डल र मनोज चौधरीले शुभकामना मन्तब्य ब्यक्त गरेका थिए ।

# बोक्सीको आरोपमा मलमूत्र खुवाउने चार जना कारागारमा

जलेश्वर, २२ कात्तिक (रासस) ।

महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका- ४ सुगा गाउँमा बोक्सीको आरोपमा एक महिलालाई मानव मलमूत्र खुवाएको आरोपमा दुई महिलासहित चार जनालाई महोत्तरी जिल्ला अदालतले पूर्पक्षका लागि कारागारमा राख्ने आदेश दिएको छ ।

अदालतका श्रेस्तेदार मदनप्रसाद जयसवालका अनुसार स्थानीय सिकिन्दर महतोकी पत्नी पुरनीदेवी, रगेश्वर महतोकी पत्नी प्रमिलादेवी, रगेश्वर महतोकै जेठो छोरा सिकिन्दर र कान्छो छोरा अनिललाई पूर्पक्षका लागि जलेश्वर कारागारमा पठाइएको हो ।

बडादसैंको सप्तमीका दिन बिहान ३ बजे स्थानीय शम्भु महतोकी पत्नी ४२ वर्षीया सुकमरियादेवी टोलमा घुमिरहेको अवस्थामा सिकिन्दर महतोको घर अगाडि पुग्दा निजकी छोरी १३ वर्षीया काजल उनलाई देखेर रुन थालेपछि सिकिन्दरसहित परिवारका चारै जनाले सुकमरियाले नै जादु र टुनामुना लगाएको भन्दै उनलाई समातेर मलमूत्र खुवाउनुका साथै अपमानजनक व्यवहार गरेका थिए ।

सुकमरियालाई घर अगाडिको बिजुलीको पोलमा बाँधेर कपाल काटिदिएको, शरीरको कपडा फुकालेर नाङ्गो बनाइदिएको, टाउको र अनुहारमा कालो र सेतोले दलेर मानव मलमूत्र खुवाएका थिए । सो घटनामा प्रहरीले कात्तिक १ गते अभियुक्तहरूलाई पक्राउ गरेको थियो ।





अनुरोधकर्ता : विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी



राष्ट्रिय जनगणना २०७८ किन ?

- सरकारी सेवा सुविधामा पहुँच र गरिबी निवारण कार्यक्रम तर्जुमा गर्न,
- विपद् जोखिमको योजना बनाउन,
- विविधतामा एकता कायम गर्न,
- लैगिक तथा सामाजिक समावेशीकरणको अवस्थाबारे जान्न,
- बैवाहिक अवस्था पत्ता लगाउन,
- प्रजनन, सुरक्षित गर्भावस्था, शिशु मृत्युदर र मातृ मृत्युदरको अवस्था थाहा पाउन,
- अपांगता भएका व्यक्तिको अवस्था जान्न,

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*